# श्री ब्राहा सामुदायिक वन उपभोक्ता समुह

## चुरे गा.पा.-२, कैलाली

प.स : ०८०/०८१

च.नं.: १६

**काठ लिलाम विक्रि सम्वन्धि विस्तृत विवरण सहितको सुचना**

**राजधानी राष्ट्रिय दैनिक पत्रिकामा २१ दिने प्रथम पटक सुचना प्रकाशित मिति २०८१/०२/१० गते**

उपरोक्त विषयमा यस सामुदायिक वन उपभोक्ता समुहको सामुदायिक वन क्षेत्रबाट आ.व२०८०/८१ मा डिभिजन वन कार्यालय धनगढी, कैलालीको च.नं. १९८० मिति २०८०/११/२५ गते को काठ दाउरा संकलन सहमति अनुसार समुहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार संकलन गरि सामुदायिक वन उपभोक्ता समुहको कम्पाउण्डमा घाटगद्धि भएको गोलिया काठ आन्तरिक तथा छिमेकी समुह एवं जिल्ला भित्रका उपभोक्ताहरुलाई विक्रि वितरणका लागि सुचना प्रकाशन गर्दा तोकिएको म्याद समय भित्र कोहि कसैको माग निवेदन नपरेकोले तपसिल बमोजिम जात, थान र परिमाणको गोलिया काठ लिलाम प्रकृया द्धारा विक्रि वितरण गर्नुपर्ने भएकोले तपशिल बमोजिमका काठ दाउरा जे जस्तो अवस्थामा छ सोहि अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरि लिलाम विक्रि गर्नु पर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ । रित पुगेका इच्छुक स:मिलले यो सुचना **राजधानी राष्ट्रिय दैनिक पत्रिकामा** पहिलो पटक प्रकाशित भएको मितिले २१ दिन कार्यालयको समय भित्र बोल पत्र खरिद गरि २२ औं दिनको १२ बजे भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आवहान गरिन्छ ।

तपसिल

| सि.न | जात | ग्रेड | थान | परिमाण क्यु.फिट | न्यनतम मुल्य प्रति क्यु.फिट | लागत खर्च प्रति क्यु.फिट |
|---|---|---|---|---|---|---|
| १ | साल | A | १६ | ३४०.१२ | १०००।०० | २००।०० |
| | | B | ९ | १२४.३७ | ७००।०० | |
| | | C | ४ | २९.२० | ५००।०० | |
| | | D | १ | ११.४६ | २५०।०० | |
| जम्मा | | | ३० | ५०५.१५ | | |

शर्तहरु

१) लिलाममा भाग लिन इच्छुक स: मिलले नेपाली नागरिताको प्रमाण पत्र, आयकर र पान दर्ताको प्रमाणपत्र वा मु.अ करमा दर्ता भएका प्रमाण पत्रको प्रतिलिपि राखि बोलपत्रका साथ पेश गर्नुपर्ने छ ।

२) बोलपत्र फारम प्रति लटको रु १०००।०० (फिर्ता नहुने गरि) यस सा.व.उ.स गा.पा चुरे -२, कैलालीको कार्यालयबाट वा डिभिजन वन कार्यालय धनगढी कैलालीबाट खरिद तथा दाखिला गर्न सकिन्छ ।

३) बोलपत्रका साथ आफुले कबुल गरेको रकमको १०% हुन आउने धरौटी रकम यस समुहको खाता नं. मा जम्मा गरि सक्कलै भौचर तथा मान्यता प्राप्त बैङ्कको बैङ्क ग्यारेन्टी बोलपत्रका साथ समावेश गर्नुपर्ने छ ।

४) प्रत्येक लटको छुट्टाछुट्टै बोल पत्र खरिद गरि छुट्टाछुट्टै लट नं. समेत उल्लेख गरि पेश गर्नुपर्ने छ ।

५) बोलपत्र भर्दा केरमेट नगरि अङ्क र अक्षरमा प्रष्ट उल्लेख गर्नुपर्ने छ । अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ । केरमेट र शर्त राखेमा मान्यता दिइने छैन ।

६) बोलपत्र पेश गर्दा शिलबन्दी खामको बाहिर पट्टी समुहको अध्यक्षलाई सम्बोधन गरि आफुले सकार गरेको लट नं. र सकार कर्ताको नाम, थर र वतन स्पष्ट रुपमा उल्लेख गर्नुपर्ने छ ।

७) बोलपत्र खरिद गर्ने, पेश गर्ने र खुल्ने दिन विदा परेमा सो को भोलि पल्ट वा कार्यालय खुलेको दिनको सोहि समयमा कायम गरिने छ ।

८) समुहको कार्यलयमा दर्ता हुन आएका सिलबन्दी बोलपत्र सुचना प्रकाशित भएको मितिले २३ औं दिनको ११ बजे वन प्रतिनिधि र नियमानुसारका प्रतिनिधिहरुको रोहवरमा समुहको कार्यालयमा खोलिने छ । बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

९) बोलपत्र सदर गर्ने नगर्ने सम्पूर्ण अधिकार प्राप्त अधिकारि वा यस समुहमा निहित हुने छ ।

१०) लिलाम स्वीकृत भएको जानकारी प्राप्त गरेको १० दिन भित्र सकार गरेको रकम तथा संकलन खर्च निधारित मुल्य अभिवृद्धि कर लगायत सकार कर्ताले सकार रकम